पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिका बैठकको प्रस्ताव एवं निर्णयहरु
बैठक सङ्ख्या: ५७, बैठक मिति: २०८३।०४।१३ गते

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५६ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५७ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | वार्षिक समिक्षा प्रगती प्रतिवेदन अनुमोदन सम्बन्धमा । | यस कार्यपालिकामा प्रस्तुत भएको पुथा उत्तरगङ्गा गाउँपालिकाको गत आर्थिक वर्ष २०८२।०८२ को वार्षिक समिक्षा प्रगती प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ३ | करार कर्मचारी तथा शिक्षकहरुको सम्झौता नविकरण सम्बन्धमा। | पुथा उत्तरगङ्गा गाउँपालिकाका मातहतका कार्यालय र सामुदायीक विद्यालयमा कार्यरत करार कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक र कार्यालय सहयोगीहरुको करार सम्झौता नविकरण गर्ने निर्णय गरियो । | |
| ४ | योजना अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा । | यस गाउँ कार्यपालिकामा प्रस्तुत भएको पुथा उत्तरगङ्गा गाउँपालिकाको गत आर्थिक वर्ष २०८२।०८३ को योजना अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ५ | गाउँपालिका कार्यालयबाट सम्पन्न गरिने आयोजनाको कार्ययोजना अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन हुने विभिन्न योजनाहरुको समयमै कार्य सम्पन्न गर्ने उद्देश्य सहित यस गाउँ कार्यपालिकामा पेश भएको योजना कार्यन्वयन कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो । | |
| ६ | आर्थिक वर्ष २०८३।०८४ को विभिन्न शाखाको खरिद योजना सम्वन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको अन्तर्गतका विभिन्न शाखाबाट यस कार्यपालिकामा पेश भएको आर्थिक वर्ष २०८३।०८४ को खरिद योजना अनुमोदन गर्ने निर्णय गरियो । | |
| ७ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Lgpas) को प्रतिवेदन सम्बन्धमा। | पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Lgpas) को प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो । | |

CamScanner

| | | |
|---|---|---|
| ८ | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरानलोकन सम्बन्धी मापदण्ड, २०८३ अन्तर्गत वडाको सङ्ख्या तथा सिमानाको हेरेफेर सम्बन्धमा । | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ को दफा ६ को खण्ड (क)१,(क)२,(क)३ र (क)४ बमोजिमका पुथा उत्तरगङ्गा गाउँपालिकामा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर सम्बन्धी अध्ययन गर्न आवश्यक रहेकोले तपसिल बमोजिम गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड,२०८३को परिच्छेद ३ दफा ५ को उपदफा १ बमोजिमको अध्ययन समितिमा पेश गर्ने निर्णय गरियो । |

स्थानीय सरकार पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्वी भाग) लुम्बिनी प्रदेश, नेपाल २०७३

तपसिल

| क्र सं | माग पेश गर्ने निकाय | मागहरुको संक्षिप्त विवरण | कै. |
|---|---|---|---|
| १ | पुथा उत्तरगंगा गाउँ कार्यपालिका | वडा कार्यालयहरुबाट प्राप्त सिफारिसहरु अध्ययन गर्नका अध्ययन समितिमा पठाउने ।<br>मितिः २०७३ कात्तिक ३० गतेको स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिबाट साविक रुकुम जिल्लालाई (पुथा र उत्तरगंगा गाउँपालिका सहित) १० स्थानीय तह बनाउनका लागि सिफारिस गर्ने निर्णय भएको सो निर्णय अनुसार पुथा उत्तरगंगा गाउँपालिकालाई पुथा र उत्तरगंगा गाउँपालिका गरी २ स्थानीय तह बनाउनका लागि सिफारिस गर्ने | |
| २ | वडा नं. १ | वडा नं. २ मा पर्ने हार्दिबाङ, जुसमुर, रल, तिज्याङ (साविक रन्मामैकोट गाउँ विकास समिति वडा ५) लाई गाभिएर आउनका लागि सहमति दिने ।) | |
| ३ | वडा नं. २ | वडा नं. २ मा पर्ने हार्दिबाङ, जुसमुर, रल, तिज्याङ (साविक रन्मामैकोट गाउँ विकास समिति वडा ५) लाई गाभिएर वडा नं.१ मा जाने। | |
| ४ | वडा नं. ७ | साविक जाङ गाउँ विकास समिति वडा नं. २ खारखोला गाउँ हाल वडा नं. ७ अन्तरगत रहेकोमा प्रशासनिक तथा सेवा प्रवाह र दूरीको समेत आधारमा वडा नं. ८ मा गाभिएर जान सहमति दिने । | |
| ५ | वडा नं. ८ | साविक जाङ गाउँ विकास समिति वडा नं. २ खारखोला हाल वडा नं. ७ अन्तरगत वडा नं. ८ मा गाभिएर जान सहमति दिने र प्रशासनिक तथा सेवा प्रवाह र दूरी समेतको आधारमा रुकुम (पूर्वी भाग) जिल्लामा पर्ने सिस्ने गाउँपालिकामा समावेश भएर जाने । | |
| ६ | वडा नं. १० | साविक तकसेरा गाउँ विकास समिति वडा. नं. ६ घुम्लिबाङलाई छुट्टै वडा बनाउने । | |
| ७ | वडा नं. ११ | साविक तकसेरा गाउँ विकास समिति वडा. नं. ७, खोरे, ताँतु,कोरालीबाङ, दमचन र तुपालाई छुट्टै वडा बनाउने दिने । | |
| ८ | वडा नं. १४ | साविक राङ्सी गाउँ विकास समिति वडा नं. १ देखि ५ लाई समावेश गरी एउटा वडा र वडा नं. ६ देखि ९ लाई समावेश गरी अर्को वडा बनाउने । | |

CamScanner